## मिति २०८३ भदौ १७ गते बसेको प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको बैठकबाट भएका निर्णयहरू

प्रस्ताव. नं.१ बाढीबाट मृत्यु भएकाप्रति भावपूर्ण श्रद्धाञ्जली, घाईतेको शीघ्र स्वास्थ्यलाभ र वेपत्ता व्यक्तिको खोजी सम्बन्धमा।

निर्णय.नं.१ मिति २०८३ भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण सिर्जित महाविपत्तिबाट ठुलो जनधनको क्षति भएको दु:खद् घटनाले हामी सबैलाई अत्यन्त मर्माहित बनाएको छ। यस विपत्तिमा परी ज्यान गुमाउनुहुने सम्पूर्ण नागरिकहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदनाका साथै घाइते भएका नागरिकहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्ने र वेपत्ता नागरिकको खोज तथा उद्धार गर्न सम्बद्ध सबै सरोकारवालाहरुसँग अनुरोध गर्ने/परिचालन गर्ने।

प्रस्ताव. नं.२ विगतका निर्णयहरूको कार्यान्वयनको समीक्षा सम्बन्धमा।

निर्णय.नं.२ प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको यस पुर्वको बैठकबाट भएका निर्णयहरु कार्यान्वयन अवस्थाको बारेमा समीक्षा गरियो।

प्रस्ताव. नं.३ भोटेकोशी नदिमा आएको बाढीबाट यस प्रदेशमा परेको असर सम्बन्धमा।

निर्णय.नं.३ मिति २०८३ भदौ १० गते भोटेकोशी नदीमा आएको बाढीले गण्डकी प्रदेशका जिल्लाहरुमा भएको क्षति तथा उक्त बाढीमा परी मृत्यु र वेपत्ता भएका गण्डकी प्रदेशका नागरिकहरूका लागि प्रदेश विपद् व्यवस्थापन नियमावली, २०७७ बमोजिम स्थानीय तथा जिल्ला विपद् व्यवस्थापन समितिबाट पहिचान भएको हकमा कानून बमोजिम राहत तथा पुनर्स्थापनाको व्यवस्था मिलाउन प्रदेश विपद् व्यवस्थापन कोषबाट जिल्ला विपद् व्यवस्थापन कोषमा आवश्यक रकम निकासा गर्ने।

प्रस्ताव. नं.४ प्रदेशभित्रको सम्भावित विपद् जोखिम आंकलन, पूर्वतयारी, निकायगत जिम्मेवारी, समन्वय तथा जोखिम व्यवस्थापन तथा प्रदेश विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना, २०८३ तर्जुमा सम्बन्धमा।

निर्णय.नं.४ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाउन प्रदेशभित्रका मनसुनजन्य विपद्को उच्च जोखिम रहेका क्षेत्रहरूको आंकलन गरी विपद् पूर्वसूचना प्रणाली (EWS) लाई सुदृढ बनाउँदै खोज, उद्धार तथा राहत कार्यलाई व्यवस्थित बनाउन प्रदेशस्थित सबै सुरक्षा निकाय, संघीय तथा प्रदेश सरकारका निकायहरु तथा स्थानीय तहसँग आवश्यक समन्वय गरी निकट भविष्यमा आउन सक्ने विपद्जन्य घटनाको व्यवस्थापनका उपयुक्त उपायहरु समावेश गरी प्रदेश विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८३' को मस्यौदा तयार गर्न देहाय बमोजिमको कार्यदल



गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
पोखरा, नेपाल

२०८३/०५/१५

मुख्यमन्त्री

गठन गर्ने तथा उक्त कार्यदलले सरोकारवालाहरूसँग परामर्श गरी अन्तिम मस्यौदा समिति समक्ष पेश गर्ने।

१. उपसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (विपद् व्यवस्थापन शाखा) - संयोजक
२. प्रतिनिधि, (अधिकृतस्तर) प्रदेशस्तरका सुरक्षा निकायहरु (सबै) - सदस्य
३. प्रतिनिधि, (अधिकृतस्तर) भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय- सदस्य
४. प्रतिनिधि, (अधिकृतस्तर) सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय - सदस्य
५. प्रतिनिधी, (अधिकृतस्तर) स्वास्थ्य मन्त्रालय – सदस्य
६. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रशासकीय अधिकृत (विपद् व्यवस्थापन शाखा)- सदस्य-सचिव

प्रस्ताव. नं. ५ नयाँ पुल-बिरेठाँटी-घान्द्रुक-उरी सडक खण्डको मर्मत संभार गरी वस्ती जोखिम व्यवस्थापन तथा आवागमन सञ्चालन सम्बन्धमा।

निर्णय नं. ५ नयाँ पुल-बिरेठाँटी-घान्द्रुक-उरी सडक खण्डको पहिरो तत्काल हटाई आवागमन सुचारु गर्न मिति २०८३ साउन ३१ गतेको विपद् व्यवस्थापन सम्बन्धी समन्वयात्मक बैठकबाट निर्णय भई जिम्मेवारी तोकिएका देहाय बमोजिमका निकायहरुले आ-आफ्नो जिम्मेवारी पुरा गर्ने।

- गण्डकी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गतको पूर्वाधार विकास कार्यालय, कास्कीले लागत अनुमान अनुसारको यथाशीघ्र तारजाली खरिद गरी उपलब्ध गराउने।
- अन्नपूर्ण गाँउपालिकाले तारजाली भर्न आवश्यक पर्ने स्थानीय निर्माण सामाग्री र मेसिनरी उपलब्ध गराउने।
- उपलब्ध सामग्रीहरु प्रयोग गरी नेपाली सेनाको नेतृत्वमा निर्माण कार्यको संयोजन गरी सम्पन्न गर्ने/गराउने।

प्रस्ताव. नं. ६ राहत वितरण सम्बन्धमा।

निर्णय नं.६ जिल्ला प्रशासन कार्यालय, स्याग्दीको च.नं. ६१, मिति २०८३/०४/०५ को पत्रानुसार माग भएको रकम रु. १९,६५,०००।– (अक्षरुपी उन्नाईस लाख पैसठ्ठी हजार रुपैयाँ) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ र विपद् प्रभावित निजी आवास प्रवलीकरण, पुनर्निर्माण तथा पुनस्थापना अनुदान कार्यविधि, २०८१ बमोजिम विपद् प्रभावित निजी आवास प्रवलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि कायम भएका लाभग्राहीहरुलाई विपद् जोखिम



गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
पोखरा, नेपाल

२०८३/०८/१५
मुख्यमन्त्री

न्यूनीकरण तथा व्यवस्थापन प्रधिकरणबाट तोकिएका शर्तको अधिनमा रही वितरण गर्नेगरी गण्डकी प्रदेश सरकारको ३० प्रतिशत लागत साझेदारी वापत हुने रकम रु. १९,६५,०००।– (अक्षरुपी उन्नाईस लाख पैसठ्ठी हजार रुपैयाँ) जिल्ला विपद् व्यवस्थापन कोष, म्याग्दीलाई निकासा दिने।

<u>प्रस्ताव. नं. ७</u> विविध।

१. गण्डकी प्रदेश विपद् व्यवस्थापन नियमावली, २०७७ जारी भई प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको निर्णयानुसार विभिन्न मितिमा प्रदेशका सबै जिल्ला विपद् व्यवस्थापन कोषमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्य गर्न निकासा भएको रकमको योजना/कार्यक्रमगत भौतिक तथा वित्तिय प्रगति विवरण माग गर्ने। साथै जिल्ला विपद् व्यवस्थापन कोषमा प्रदेश विपद् कोषको मौज्दात रकमको एकीन विवरण समेत माग गरी प्रदेश कानून बमोजिम आवश्यकताका आधारमा निकासा गर्ने व्यवस्था मिलाउने।

२. विपद्जन्य घटनाहरुबाट गण्डकी प्रदेश भित्रका क्षतिग्रस्त सडक, जलविद्युत, पुल, र खानेपानी जस्ता भौतिक पूर्वाधारहरूमा भएको क्षतिको अवस्थाको तथ्याङ्क लिई नागरिकको दैनिक जीवनयापनलाई सहज बनाउन तत्काल त्यस्ता क्षेत्रको मर्मत संभार गरी सञ्चालन गर्न प्रदेश सरकारका सम्बन्धित विषयगत मन्त्रालयलाई जिम्मेवारी दिने। विपद्जन्य घटनाबाट क्षतिग्रस्त संरचना संरक्षण तथा पुनर्निर्माणका लागि विषयगत मन्त्रालयले विनियोजित बजेटबाट रकमान्तर गरी खर्च व्यवस्थापन गर्ने प्रवन्ध मिलाउने र विनियोजित बजेटबाट स्रोत व्यवस्थापन गर्न सम्भव नभएमा आर्थिक मामिला मन्त्रालयले आवश्यक खर्च व्यवस्थापनका लागि प्रबन्ध मिलाउने।

३. विपद् बाट हुने मानवीय क्षति तथा मृत्युको वैज्ञानिक पहिचान (Disaster Victim Identification) लाई व्यवस्थित बनाउन विशेष फरेन्सिक तालिमप्राप्त जनशक्ति आवश्यक भएकोले गण्डकी प्रदेशका प्रत्येक जिल्लाका कम्तिमा २ जना चिकित्सकहरूलाई स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेशको विनियोजित बजेटबाट यथाशिघ्र तालिम सञ्चालन गर्ने। साथै भोटेकोशी बाढीका कारण प्रभावित क्षेत्रमा जलप्रदुषण भई थप महामारीको अवस्था सृजना हुन सक्ने भएकोले प्रदेशका बाढी प्रभावित क्षेत्रका नागरिकहरुलाई स्वास्थ्य मन्त्रालयले विनियोजित बजेटबाट जनचेतनाका कार्यक्रम समेत यथाशिघ्र सञ्चालन गर्ने।

४. विपद् बाट क्षतिग्रस्त भएका संरचनाहरु (सडक, पुल, भवन समेत) को मर्मत सम्भार गरी आवागमन एवं सेवा प्रवाह सुचारु गर्नका लागि जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय सिफारिस समेतका प्रक्रियाहरु पुरा गरी मर्मत सम्भार गर्न सम्बन्धित विषयगत मन्त्रालयलाई जिम्मेवारी दिने। यसका लागि आर्थिक मामिला मन्त्रालयले स्रोत व्यवस्थापन मिलाउने।



गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
पोखरा, नेपाल

२०८३/०५/१८

मुख्यमन्त्री